आज मिति२०८३/५/८ गते व्यास नगर कार्यपालिकाको २४५ औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखरेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

| | |
|---|---|
| प्रस्ताव नं.१: | मिति २०८३/४/२३ मा भएको २४४ औ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । |
| प्रस्ताव नं.२: | मिति २०८३/४/२९ गते भएको आ.व.२०८२/०८३ को समीक्षामा प्राप्त सुझावहरु सम्बन्धमा । |
| प्रस्ताव नं.३: | भूमि बैंङ्क सञ्चालन कार्यविधि एवं निर्देशिका सम्बन्धमा । |
| प्रस्ताव नं.४: | विधायन समितिबाट प्रस्तावित विभिन्न कार्यविधि सम्बन्धमा । |
| प्रस्ताव नं.५: | २०८३ श्रावण महिनाको आन्तरिक आय सम्बन्धमा । |
| प्रस्ताव नं.६: | प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुख बीच आ.व.२०८३/०८४ को कार्य सम्पादन सम्झौता सम्बन्धमा । |
| प्रस्ताव नं.७: | आ.व.२०८३/०८४ का योजनाहरु सम्झौता गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.८: | नारेश्वर तालको सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं.९: | भूमि उपयोग ऐन नियमावली अनुसार जग्गा वर्गीकरणमा संशोधनका लागि सूचना प्रकाशन सम्बन्धमा । |
| प्रस्ताव नं.१०: | नारेश्वर तालको सरसफाई एवं सुरक्षा प्रबन्ध सम्बन्धमा । |
| प्रस्ताव नं.११: | नारेश्वर तालको व्यवस्थापनका लागि तत्काल गर्ने कार्य सम्बन्धमा । |
| प्रस्ताव नं.१२: | व्यास नगर अस्पताल दुम्सी बजारमा हुने स्वास्थ्य शिविर सम्बन्धमा । |
| प्रस्ताव नं.१३: | शिक्षक व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं.१४: | समायोजन भएका विद्यालयहरुको खाता, सम्पत्ति व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं.१५: | विदाइ हुने कर्मचारीहरुको सेवाको धन्यवाद एवं सुविधा सम्बन्धमा । |
| प्रस्ताव नं.१६: | व्यास नगरपालिका अन्तर्गत कार्यरत बालविकास शिक्षक, लेखापाल, कार्यालय सहयोगी र सिकाइ केन्द्रका शिक्षकहरुको पारीश्रमिक सम्बन्धमा । |
| प्रस्ताव नं.१७: | घरेलु इट्टा उद्योग मूल्याङ्कन समितिमा सदस्य मनोनयन सम्बन्धमा । |
| प्रस्ताव नं.१८: | लोक कल्याणकारी विज्ञापन सम्बन्धमा । |
| प्रस्ताव नं.१९: | प्लाष्ट्रिकजन्य वस्तुहरुको अनुगमन समिति गठन सम्बन्धमा । |
| प्रस्ताव नं.२०: | उद्यमशिलता तालिम सञ्चालन र वडा छनौट सम्बन्धमा । |
| प्रस्ताव नं.२१: | अमरसिंह माध्यमिक विद्यालयको पुरानो भवन भत्काउने अनुमती सम्बन्धमा । |
| प्रस्ताव नं.२२: | गजौडे मुलको पानी सञ्चालन सम्बन्धमा । |
| प्रस्ताव नं.२३: | पर्यटन प्रवर्द्धन बृत्त चित्र स्वीकृति सम्बन्धमा । |

प्रस्ताव नं.२४: आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावलीमा संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.२५: श्रम शिविर व्यवस्थापन तथा सञ्चालन स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं.२६: चालु खर्च वा पूँजीगत शीर्षकबाट रकम कम वा बढि हुने सम्बन्धमा ।

प्रस्ताव नं.२७: निवृत्त कर्मचारीको अस्थायी अवधिको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.२८: अनुदान शिक्षक सम्बन्धमा ।

प्रस्ताव नं.२९: विपद्जन्य कार्य एवं मर्मत संहार गर्ने कार्यहरुलाई सम्बोधन गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०४/२३ गते भएको २४४ औं कार्यपालिकाका बैठकका निर्णयहरु कार्यान्वयन एवं कार्यालयको सेवा प्रवाहका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/४/२९ गते नगरपालिका सभाकक्षमा भएको आ.व. २०८२/०८३ को वार्षिक समीक्षा सबै वडा सचिव तथा शाखा प्रमुखहरूबाट प्रस्तुत प्रतिवेदन उपर

छलफल भई राष्ट्रिय मान्यता प्राप्त नगरस्तरीय राजनीतिक दल तथा सरोकारवाला सबैका सुझावहरूलाई कार्यान्वयन गर्ने गरी अब आइन्दा वडागत कार्यसम्पादन गतिविधिको सम्बन्धित वडाका टोल संस्था तथा नागरिक समाजका प्रतिनिधिहरूलाई उपस्थित गराई वडागत समीक्षा गराउने र शाखागत समीक्षा नगरस्तरीय गर्ने निर्णय गरियो।

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई नेपाल सरकारबाट भूमि बैंक सञ्चालन गर्न अनुमति दिइएकाले सङ्घीय सरकारबाट जारी भूमि बैंक स्थापना तथा सञ्चालन कार्यविधि २०८३ अनुरुप प्रक्रिया अघि बढाउने र कार्यविधिमा स्पष्ट नखुलेका विषयवस्तु समेटी आवश्यक निर्देशिका तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विधायन समितिबाट प्रस्तावित "व्यास नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३"र "व्यास नगरपालिका जलचर तथा जलीय जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८३" प्राप्त सुझाव समेटी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८३/०८४ को श्रावण महिनामा आन्तरिक आय रू.१,१९,४७,७७३/११ भएको र उक्त आय गत आ.व.२०८२/०८३ को श्रावण महिनाको आय भन्दा रू.१०,९०,१००/६५ बढि भएको बैठकमा जानकारी समीक्षा गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्साल र नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेका बीच आ.व.२०८३/०८४ का लागि कार्यसम्पादन सम्झौता बैठकमा सम्पन्न भई कार्य सम्पादन सम्झौता गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ का लागि तय भएका ठेक्का मार्फत हुने योजनाहरू मिति २०८३ असोज मसान्तभित्र ठेक्का आव्हान गर्ने र उपभोक्ता समिति मार्फत हुने योजनाहरू मिति २०८३ कार्तिक मसान्तभित्र सम्झौता सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाउन सम्बन्धित वडाहरु र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० दुम्सीचौरस्थित निर्माणाधीन नारेश्वर तालमा हाल परीक्षणका लागि पानी भर्ने कार्य गरिएकोमा आन्तरिक पर्यटकहरुको आकर्षण बढ्दै गएको देखिएकाले आन्तरिक सुरक्षा, सरसफाई तथा तत्काल गर्नुपर्ने अन्य कार्यहरु गर्न गराउन अर्को व्यवस्था नभएसम्म सम्बन्धित वडा नं.१० का अध्यक्षको अध्यक्षतामा स्थानीय सरोकारवाला समेत रहने गरी ७ सदस्यीय नारेश्वर ताल सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो । साथै ताल सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. संयोजक | श्री खेमराज पोखे्रल | - वडा अध्यक्ष, व्यास १० |
| २. सदस्य | श्री बासना कुँवर | - वडा सदस्य, व्यास १० |
| ३. सदस्य | श्री ईश्वर पौडेल | - वडा सदस्य, व्यास १० |
| ४. सदस्य | श्री प्रेम दरै | - जग्गादाता |
| ५. सदस्य | श्री विष्णु बहादुर थापा | - संयोजक, जग्गा व्यवस्थापन समिति |
| ६. सदस्य | श्री गोपाल गुरुङ | - अध्यक्ष, गुरुङ समाज |
| ७. सदस्य | श्री पदम बहादुर दरै | - अध्यक्ष, स्थानीय टोल विकास समिति |

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा भूमि-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ बमोजिम स्थानीय भू-उपयोग परिषद्बाट मिति २०८२/०२/०७ मा पारित भई व्यास नगरपालिकाबाट मिति २०८२/०२/११ मा प्रकाशित "व्यास नगरपालिकाको जग्गा वर्गीकरण तथा कित्तागत विवरण, २०८२" मा समावेश भएका केही कित्तागत विवरणहरूका सम्बन्धमा प्राप्त निवेदन तथा अभिलेख परीक्षणबाट संशोधन गर्नुपर्ने तथा केही नयाँ कित्तागत विवरणहरू थप गर्नुपर्ने देखिएको हुँदा उक्त विवरणमा संशोधन वा नयाँ कित्तागत विवरण थप गर्नुपर्ने भएका सम्बन्धित जग्गाधनीले आवश्यक प्रमाण तथा आफ्नो विवरण सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि ३५ (पैंतीस) दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नारेश्वर तालको सुरक्षाका लागि तत्काल दैनिक न्यूनतम १ जना नगर प्रहरी खटाउने र सरसफाई व्यवस्थापनका लागि अर्को व्यवस्था नहुँदासम्म हाल बजेट शीर्षक नं.७४ बाट बढिमा रू.६०,०००/ खर्च हुने गरी निर्णय नं.८ को समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नारेश्वर तालमा तत्काल सुरक्षा प्रबन्ध गर्न आवश्यक गाडी पार्किङस्थल, तालमा सिधा जान नमिल्ने गरी बार-बन्धन, सूचना पाटी, शौचालय, पानी मूल व्यवस्थापन लगायतका प्रबन्ध गर्न बजेट शीर्षक नं.८७६ बाट खर्च हुने गरी प्रकृया अघि बढाउन योजना तथा पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा आदिकवी भानुभक्त क्याम्पसको ४० औं वार्षिक उत्सवको सन्दर्भमा चितवन मेडिकल कलेजको सहयोगमा उपयुक्त समयमा व्यास नगर अस्पतालमा स्वास्थ्य शिविर आयोजना गर्ने भएकाले उक्त शिविर सफल बनाउन आवश्यक खर्चमा बजेट शीर्षक नं.१२९ बाट रू.१,००,०००/ (एक लाख) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विभिन्न विद्यालयमा रिक्त दरबन्दी र शिक्षण प्रकृया विषयगत आवश्यकतानुसार तल लेखिए बमोजिम शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र. सं. | विद्यालयको नाम | रिक्त दरबन्दी | हालको विद्यालय | काज वा अनुमति दिने विद्यालय |
|---|---|---|---|---|
| १. | क्यामिनकोट मा.वि. मर्ज भई रिक्त | लेखापाल | क्यामिन मा.वि. | समताबाट नयाँ नियुक्ति अनुमति दिने |
| २. | शंकर प्रा.वि. व्यास ६ मा | बालविकास शिक्षक नभएकाले | | आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने |
| ३. | संगम प्रा.वि. व्यास ५ मा रिक्त | प्रा.वि. दरबन्दी | | अमृत आधारभुत विद्यालयमा सरुवा नियुक्ति अनुमति दिने |
| ४. | शंकर प्रा.वि. व्यास ६ मा कार्यरत | प्रा.वि. स्थायी शिक्षक | | श्री सिता रिमाललाई संगम प्रा.वि. मा दरबन्दी सहित काज सरुवा गर्ने |
| ५. | निर्मल मा.वि. मा रिक्त | प्रा.वि. शिक्षक दरबन्दी | | केशवटार मा.वि. मा सरुवा नियुक्ति अनुमति दिने |
| ६. | निर्मल मा.वि. मा रिक्त | मा.वि.दरबन्दी | | क्यामिन मा.वि. व्यास ७ सरुवा अनुमती |
| ७. | क्यामिन मा.वि.मा कार्यरत | स्थायी मा.वि. शिक्षक | | श्री विनोद रम्तेल दरबन्दी सहित निर्मल मा.वि. |

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ मा समायोजन भएका निम्न लिखित विद्यालयका चल-अचल सम्पत्ति एवं खाता समेत निम्न लिखित विद्यालयमा रहने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | समायोजन भएका विद्यालय | समायोजन गरिएको हालको विद्यालय |
|---|---|---|
| १. | क्यामिनकोट मा.वि. - व्यास ७ | क्यामिन माध्यमिक विद्यालय- व्यास ७ कलेस्ती |
| २. | कृष्णालय प्रा.वि. -व्यास ८ | सहजीवन प्रा.वि. - व्यास ८ |

**निर्णय नं.१५**: प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाबाट यस बर्ष बिदाइ लिई भुक्तानी लिन बाँकी निम्न लिखित कर्मचारीहरुलाई सेवाका लागि धन्यवाद ज्ञापन गरी कार्यविधि अनुसार शिर्षक नं. १८.१९ बाट खर्च हुने गरी सुविधा प्रदान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**सुविधा लिन बाँकी कर्मचारीहरुको विवरण :**

| सि.नं. | कर्मचारीको नाम | पद | देखि | सम्म | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सन्तोष गोदार | सहायक प्रशासकीय अधिकृत | २०७७/४/१ | २०८२ पौष मसान्त | ८७,३७८/- | राजिनामा |
| २. | आशिक परियार | नगर प्रहरी सहायक निरीक्षक | २०७५/१/१२ | २०८३ आषाढ मसान्त | ७९,०३४/- | .राजिनामा |
| ३. | अमन सेढाई | अमिन | २०७६/८/१ | २०८३ आषाढ मसान्त | ७३,०१४/- | राजिनामा |
| ४. | नारायणी पौडेल | ना.प्रा.स. | २०७६/८/१ | २०८३ श्रावण मसान्त | ६२,६१७/- | म्याद समाप्त |

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा कार्यरत बालविकास शिक्षक, विद्यालय लेखापाल, कार्यालय सहयोगी र शिक्षण सिकाई केन्द्रहरुको आ.व. २०८२/०८३ मा नेपाल सरकारको अनुदान समेत न.पा.को आन्तरिक श्रोतबाट थप गरी वालविकास शिक्षकको रू.१९,१००/, लेखापालको रू.१९,५००/, विद्यालय सहयोगीको रू.१६,५००/, सामुदायिक सिकाइ केन्द्रका सहजकर्तालाई रू.१४,५००/, श्रोत कक्षा आमाको रू.१५,०००/ मासिक तलव रहेकोमा आ.व. २०८३/०८४ का लागि निम्नानुसार पारीश्रमिक तोक्ने निर्णय गरियो । उल्लेखित पारीश्रमिक बजेट शीर्षक नं.७८, ७९, ८०, ८४ बाट जम्मा रू.१,००,४९,०००/ व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | शिक्षक/कर्मचारी | संख्या | सरकारी अनुदान | नगरपालिकाबाट थप | कुल रकम | न.पा.मा दायित्व जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बाल विकास शिक्षक | ७७ | १७,०००/- | ४,५००/- | २१,५००/- | ४५,०४,५००/- |
| २. | लेखापाल | २५ | २०,०००/- | ३,५००/- | २३,५००/- | ११,३७,५००/- |
| ३. | विद्यालय सहयोगी | ७४ | १५,०००/- | ३,५००/- | १८,५००/- | ३३,६७,०००/- |
| ४. | सामुदायिक सिकाइ केन्द्र सहजकर्ता | ८ | १२,०००/- | ६,५००/- | १८,५००/- | ६,७६,०००/- |
| ५. | श्रोत केन्द्रका आमा | ८ | १५,०००/- | ३,५००/- | १८,५००/- | ३,६४,०००/- |
| | | | | | जम्मा : | १,००,४९,०००/- |

**निर्णय नं.१७**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा घरेलु इट्टा उद्योग मूल्याङ्कन समितिमा सम्बन्धित कार्यविधि २०७७ को दफा ५ (२) (घ) अनुसार नगरसभा सदस्यहरु मध्येबाट व्यास १० को सदस्य श्री बासना कुँवरलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८**: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धमा छानविन तथा मूल्याङ्कन समितिको मिति २०८३/०५/०८ गतेको बैठकबाट सिफारिस भई आएका दैनिक, साप्ताहिक पत्रिका, एम.एम. र अनलाइन सञ्चार माध्यमहरुलाई कार्यविधिमा उल्लेख गरिए अनुसार विज्ञापन सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध गर्ने सम्बन्धी ऐन, २०८१ को दफा ६ (१) बमोजिम निषेधित प्लाष्टिकजन्यहरुको नियमन नियन्त्रण गर्ने प्रयोजनका लागि निम्नानुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. | संयोजक | श्री इन्दिरा दरै | - उपप्रमुख |
| २. | सदस्य | श्री काशीराम श्रेष्ठ | - अध्यक्ष, वडा नं. २ |
| ३. | सदस्य | श्री रनसिं नेपाली | - संयोजक, वनवातावरण तथा विपद समिति |
| ४. | सदस्य | श्री बिनु श्रेष्ठ | - सदस्य, वडा नं. ३ |
| ५. | सदस्य | श्री जिल्ला प्रहरी कार्यालय | - प्रतिनिधि |
| ६. | सदस्य | श्री शेषराज श्रेष्ठ | - दमौली बजार इकाई अध्यक्ष |
| ७. | सदस्य | श्री गफ्फार मिया | - वातावरण संरक्षण अभियन्ता |
| ८. | सदस्य | श्री एक बहादुर श्रेष्ठ | - अध्यक्ष,व्यास नगर सामुदायिक वन उपभोक्ता समिति |
| ९. | सदस्य | श्री पत्रकार महासंघ | - प्रतिनिधि |
| १०. | सदस्य | श्री व्यास नगर प्रहरी | - इन्चार्ज |
| ११. | सदस्य-सचिव | श्री विष्णु कुमार जोशी | - प्रमुख, वनवातावरण तथा विपद शाखा |

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा मेड्पा कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना कार्यक्रमका लागि व्यास नगरपालिका वडा नं.१ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास ११ स्थित साविक अमरसिंह मा.वि. हाल आधारभुत विद्यालयको पुरानो विद्यालय भवन जीर्ण भई भत्किन सक्ने र विद्यालय भवन भत्किदा शिक्षक विद्यार्थी बटुवालाई समेत असुरक्षा हुँदा भवन हटाउने अनुमति पाउँ भनी विद्यालयबाट अनुमति माग भई आएकाले प्राविधिक प्रतिवेदन लिइ भवन हटाउने र विद्यालय प्रयोगमा नआउने सामाग्रीको नियमानुसार लिलाम गर्ने गराउने कार्य गर्नु हुन भनी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास १४ स्थित गजौडे मूलको पानी सञ्चालन गर्न पम्प खरिद एवं आवश्यक सामाग्रीको ठेक्का लगाउंदा छुट हुन गएकाले प्राविधिक लागत अनुमानको काम आ.व.२०८२/०८३ को बजेट शीर्षकबाट खर्च गर्ने र नपुग रकम शीर्षक नं.९२३ बाट खर्च गर्ने गरी आवश्यक प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३**: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा सम्पदा नेपाल प्रा.लि. द्वारा तयार पारिएको समग्र व्यास नगरको पर्यटकीय, धार्मिक, साँस्कृतिक महत्वलाई उजागर गर्न वृत्त चित्र बैठकमा पेश भयो । उक्त वृत्त चित्रलाई सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली २०७८ को दफा ३ (१) को नगर कार्यपालिकाले निर्णय गर्ने भन्ने शव्दको पछाडि "नदीजन्य पदार्थ बाहेकको आय–ठेक्कामा ठेक्का सम्झौता मिति देखि १२ महिना कायम गरी ठेक्का बन्दोवस्त गर्न गराउन सकिने छ"भन्ने वाक्य थप गरी "बढीमा ५ बर्षसम्मको लागि एकै पटक बहुवर्षीय"वाक्य हटाउने निर्णय गरियो ।

**निर्णय नं.२५**: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा MCA नेपाल परियोजना अन्तर्गत ४०० के.भी. डि.सी. प्रशारण लाइन निर्माण व्यवसायी एन्जेलिक स्किपर संयुक्त व्यवसाय (Angelique-SkipperJV) ले व्यास १३ तिवारी भञ्ज्याङस्थित समायोजन भई रिक्त रहेको साविक सितला विद्यालयको भवन, शौचालय प्राङ्गण मर्मत संहार गरी ६ महिनाका लागि श्रम शिविर राख्न अनुमती माग गरेकाले स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.२६**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका नगरसभाबाट आ.व. २०८३/०८४ का लागि विनियोजित पूँजीगत वा चालु खर्चमा अत्यावश्यक कार्य हुदै जाँदा रकम बढि हुन आएमा चालु तर्फको रकम चालु र पूँजीगत तर्फ, पूँजीगत तर्फको हकमा पूँजीगत तर्फ मात्र नियमानुसार रकमान्तर गर्न गराउन आगामी नगर सभाबाट अनुमोदन हुने गरी पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका कर्मचारीहरुको स्थायी नियुक्त हुनुपूर्व केही समय अस्थायी सेवा गरेको, तर निवृत्त भएको अवस्थामा स्थायी भएको मितिदेखि नियमानुसार सुविधा प्राप्त हुने नै हुँदा अस्थायी अवधिको हकमा स्थायी नियुक्ति हुँदाको अवस्थाको अन्तिम तलब स्केल बमोजिमको नियमानुसारको सुविधा उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा मा.वि. शिक्षक अनुदानमा व्यास ९ को बसाहस्थान मा.वि. मा कार्यरत अंग्रेजी शिक्षक श्री लक्ष्मी रानाभाटलाई उक्त विद्यालय आ.व.२०८१/०८२ मा समायोजन हुँदा व्यास १० दुम्सी बजारस्थित श्री शिव मा.वि. मा खटाई अध्यापन गर्दै आएकोमा हाल निज शिक्षकलाई २०८३ चैत्र मसान्तसम्मका लागि मात्र व्यास ७ स्थित समता विद्यालयबाट तलब सुविधा हुने गरी अर्को व्यवस्था नहुंदासम्म कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.२९**: प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा विपदजन्य र अत्यावश्यक निम्न कार्यका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | नवआदर्श टोल डष्टविन खरिद | १ | २०,०००/– | ७६ |
| २. | हाइस्कुलटार अधुरो टोल भवन निर्माण सहयोग | १ | ५,००,०००/– | ९२२ |
| ३. | महिला उद्यमी संघ दमौली बजार मनोसामाजिक कार्यक्रम सहयोग | २ | ५०,०००/– | ११७ |
| ४. | दुर्गा मन्दिरमा पित्तल पाता राख्ने कार्यक्रम | ३ | ९,९०,०००/– | ९३५ |
| ५. | सेती बुल्दी दोभान विद्युतीय वाइपंखा शवदाह खरिद | ३ | ३,००,०००/– | ९३५ |
| ६. | कल्पना श्रेष्ठ ३५,०००/– पर्ने पाडाको मृत्यु राहत | ४ | १५,०००/– | १६१ |
| ७. | कृष्णझुला कार्यक्रम व्यवस्थापन | ५ | ३०,०००/– | १२१ |

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| ८. | पतेनी नहर कृषि मार्गमा पहिरोबाट घर संरक्षण मर्मत | ५ | २,००,०००/- | ९३४ |
| ९. | सुकदेव कामी, आरन छाउने सहयोग | ७ | २०,०००/- | ११९ |
| १०. | लालध्वज मोटर मार्ग मर्मत संहार | ८ | १,००,०००/- | ९३४ |
| ११. | उपेन्द्र सोती, करेण्ट लागी मृत्यु राहत सहयोग | ८ | ५०,०००/- | १६४ |
| १२. | कालिका मार्ग कुसुमेचौर पैह्रो फाल्ने कार्य | ८ | २,६०,०००/- | ९३२ |
| १३. | सरस्वती आधारभूत विद्यालय शौचालय पुन:निर्माण | ९ | २,००,०००/- | ९२५ |
| १४. | निबुवाटारी बाटो नाला स्तरोनन्ति मर्मत समेत | १० | १,४०,०००/- | ९३४ |
| १५. | कृष्ण रिजाल कृषि सिँचाइ सहयोग कार्यक्रम | १० | २७,०००/- | १४३ |
| १६. | जनकल्याण आधारभूत विद्यालय फोटोकपी प्रिण्टर खरिद | ११ | ३२,०००/- | ९२५ |
| १७. | लाफा कृषक समूह बयर बोका ५५,०००/- पर्ने मृत्यु | १२ | २०,०००/- | १६४ |
| १८. | बेनीमित्र प्राविधिक विद्यालय कम्प्युटर फोटोकपी खरिद | १३ | ५८,०००/- | ९२५ |
| १९. | मिलन शान्ति युवा क्लव छापडाँडा भञ्ज्याङ भलिवल प्रतियोगिता सहयोग | १३ | ४०,०००/- | १२२ |

***

| | | | | |
|---|---|---|---|---|
| २०. | तनहुँ बहिरा संघ महिला तिज प्रतियोगिता | | ३०,०००/- | १०४ |
| २१. | परिवर्तनका लागि मिडिया तालिम व्यवस्थापन | | ७०,०००/- | ३९ |
| २२. | लोक दोहोरी प्रतिष्ठान कृष्ण जन्माष्टमी कार्यक्रम व्यवस्थापन | | १,००,०००/- | १२१ |
| २३. | रोटरी कोशेली विज्ञापन सहयोग | | २०,०००/- | ३९ |
| २४. | नगरको उद्यमी महिलाहरु चितवनमा हुने औधोगिक मेला सहभागिता सहयोग | | ५०,०००/- | ११७ |
| २५. | लक्ष्मी परियार, क्यान्सर पीडित मानवीय सहयोग | | २०,०००/- | ६४ |